# २०७५ चैत्र १३ गते को कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

आ.व.२०७५/७६ को हिउँदे अधिवेशन (नगरसभा) मिति २०७५ चैत्र २८ गते विहान ११ वजे गर्ने।

**निर्णय नं. २**

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको च.न. २५२ मिति २०७५/११/ २६ को प्राप्त पत्रका सम्वन्धमा यस नगरपिलकाले निर्माण गर्ने तारेभिर ल्यान्डफिल साइट (Tarebhir Landfill site  Sanitary Management Project) आयोजनाको लागि निम्न शर्तहरु पालना गरी प्रतिबद्धता व्यक्त गर्न निम्न

१. वन तथा भु – संरक्षण विभाग सँग करारनामा गरी क्षेत्र प्रयोगमा ल्याउनु पर्ने।
२. वातावरण प्रभाव न्यूनिकरण उपायहरु एंव वातावरण न्यूनिकरण योजना तथा अन्य तोकिएका व्यवस्था यस नपाको खर्चमा गर्नुपर्ने।
३. १,४६ हेक्टर जग्गाको व्यवस्थापन / खरिद गरि वन डिभिजनको सिफारिसमा वना तथा भु- संरक्षण विभागका नाममा रजिस्ट्रेशन गर्नुपर्ने।
४. सट्टा जग्गामा ५ वर्ष सम्म १६०० बिरुवा वृक्षारोपण र संरक्षण गर्नुपर्ने र डिभिजन वन कार्यलय लाइ हस्तान्त्रण गर्नुपर्ने।
५. सो क्षत्रको रुख विरुवाको लगत लिई सोको संरक्षण गर्नुपर्ने र सोको सम्पूर्ण जिम्मेवारी र खर्च यस न.पा.को हुनेछ।
६. सम्झौता भएको २ वर्ष सम्म अयोजना सुरु नभएमा यो अनुमति स्वत समाप्त हुनेछ।
७. DPR  बमोजिम संरचना हुनुपर्ने छ।
८. प्रव्रर्दक आयोजनाको स्वीकृति बमोजिम बाहेक शर्तहरु फेरबदल भए प्राप्त अनुमति स्वत समाप्त हुनेछ।
९. अनुगमन समितिको निर्देशन पालना गर्नुपर्ने।

**निर्णय नं. ३**

यस कार्यालयमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सेवा करारमा कार्यरत सूचना प्रविधि अधिकृत श्री भानुभक्त रेग्मीको करार म्याद २०७५ पौष १६ गते मा सकिएको र संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको च.न.३९८  मिति २०७५/०९/२९ को पत्रानुसार निज को करार म्याद २०७६ आषाढ मसान्त सम्म थप गर्ने।

**निर्णय नं. ४**

यस कार्यालयका निम्न स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रमा कार्यरत तपशिलका कर्मचारीको म्याद २०७६ अषाढ मसान्त सम्म साविकको सेवा शर्त अनुसार नै थप गर्ने ।

निम्न

१. रुपक कार्की हे.अ. पर्गतीनगर स्वा.चौकी
२. विपुल जि.सी. हे.अ. दौलतपूर श.स्वा.चौ.
३. चेतन लामिछाने हे.अ. गरगरे स्वा.चौ
४. प्रतिमा थापा अ.न.मी. पर्गतीनगर स्वा.चौ.
५. एलिना गुरुङ अ.न.मी. उत्तरगंगा स्वा.चौ.
६. हेम कुमार सोमै अ.न.मी. नेवारे शा. स्वा.के.
७. विमला गुरुङ अ.न.मी. दौलतपूर श.स्वा.के.
८. सरिता श्रेष्ठ अ.न.मी. लाटिकोइली स्वा.चौ.
९. कृष्ण दहाल अ.न.मी. गरगरे स्वा.चौ.
१०. सविता कार्की अ.न.मी. धारापानी श. स्वा.चौ.
११. लीला ढकाल अ.न.मी. जर्वुटा स्वा.चौ.
१२. दिर्घराज पौडेल का.ए. गठी स्वा.चौ.
१३. भरत रास्कोटी का.ए. सानीलेख स्वा.चौ.
१४. विष्णु खत्री का.ए. रतु स्वा.चौ.
१५. हुसिला अर्याल का.ए. वन स्वा. उपशाखा

**निर्णय नं. ५**

शहरी नापी सम्वन्धी खर्च विवरण अगामी वैठकमा पेश गर्ने ।

**निर्णय नं. ६**

आ.व. ०७५/०७६ को बजेट तथा कार्यक्रमको समिक्षा मिति २०७५/१२/२३ गते गर्ने ।

**निर्णय नं. ७**

यस नगरपालिकाको खानेपानी तथा सरसफाइ स्वच्छता सम्वन्धी कार्य गरि वीरेन्द्रनगरलाई पूर्ण सरसफाइ युक्त बनाउन राष्ट्रिय सरसफाई गुरुयोजना २०६८ लाई आधार मानी निम्न नगर तह र वडा तहमा संरचाना निर्माण गरी उल्लेखित कार्यमा परिचालन गर्ने।

निम्न

क. नगर स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति (M-Washcc)

अध्यक्ष – प्रमुख

उपाध्यक्ष – उप प्रमुख

सदस्य –वडा अध्यक्षहरु

- ✓ जिल्ला खानेपानी सरसफाइ समन्वय समिति प्रतिनिधि
- ✓ सुर्खेत उपत्यका खानेपानी तथा सरसफाइ समिति प्रतिनिधि
- ✓ नेपाल रेडक्रस शाखा सुर्खेत सभापती
- ✓ वन उपभोक्ता महासंघ अध्यक्ष
- ✓ जिल्ला / नगर सहकारी महासघ अध्यक्ष
- ✓ सुर्खेत उद्योग वाणिज्य महासंघ अध्यक्ष
- ✓ गैसस महासंघ अध्यक्ष
- ✓ खानेपानी तथा सरसफाइ सम्वन्धी कार्य गर्ने संस्थाको प्रमुख २ जना
- ✓ वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक
- ✓ नेपाल पत्रकार महासंघ सुर्खेत शाखाको अध्यक्ष
- ✓ नगर शिक्षा हेर्ने अधिकृत
- ✓ खानेपानी वातावरण हेर्ने अधिकृत

सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत

ख. वडा स्तरीय समिति

अध्यक्ष – सम्वन्धित वडाको अध्यक्ष

सदस्य – वडा भित्रका टोल विकास संस्थाका अध्यक्ष मध्य वडा समितिले तोकेको २ वटा टोलको अध्यक्ष

- ✓ वडा भित्रका स्वयमस्विकाहरु मध्उवाट १ जना

- ✓ खानेपानी स्किम अध्यक्ष
- ✓ वडा क्षेत्रमा सेवा दिने सार्वजनिक स्वास्थ्य संस्थाको प्रमुख
- ✓ वडा वासीलाई सेवा दिने सामुदायिक वन उपभोक्ता समिति का अध्यक्ष
- ✓ वडा भित्रको सार्वजनिक विद्यालयको प्र.अ. मध्यवाट १

सदस्य सचिव – सम्वन्धित वडाको वडा सचिव

**निर्णय नं. ८**

यस नगरपालिकामा विगत वर्ष देखी साविकको स्थानिय निकाएको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी र अस्थायी कर्मचारीहरु समेत लाई नेपाल सरकारले तोके बमोजिमको योगदानमा आधारित विमा रकम भुत्तानी गर्ने।

**निर्णय नं. ९**

यस नगरपालिका द्धारा जग्गा प्रप्ती कार्यविधि २०७५ पारित गरी वडा नं. १० र ११ को लागि जग्गा प्राप्त गर्न प्रकृया अगाडी बढाइएको सम्वन्धमा कार्यालयबाट पेश भएको टिप्पणी बमोजिम सरकारी जग्गा प्राप्तीका लागी जग्गा ऐन २०३४ बमोजिमको प्रकृया बढाउनुपर्ने भनी उल्लेख भएतापनी न पा को जग्गा प्राप्ती सम्वन्धि कार्यविधि २०७५ बमोजिम यस अघि प्रकाशित सूचना बमोजिम नै जग्गा खरिद गर्ने।

**निर्णय नं. १०**

यस नपाको वडा नं. २,६ र ९ मा रहेका पुलहरु तत्काल मर्मत नगर्दा पुल क्षति हुन सक्ने र सडक आवागमनमा समेत बाधा अवरोध हुने भएकाले उक्त  पुलहरु कन्टीजेन्सी रकमबाट खर्च गर्ने गरी मर्मत गर्ने।

**निर्णय नं. ११**

विद्युत लाइन विस्तार सम्वन्धमा कार्यालयबाट विनियोजित रकम मध्यबाट रु १० लाख सहकार्य गर्ने र वडा नं १३ र १४ समेत समेट्नुका साथै सांसद विकास कार्यक्रम बाट प्राप्त रकम बाट वडा नं. १५ र १६ लाई समेटी एकमुष्ट रुपमा बोलपत्र प्रकृया अघि वढाउनका लागि विद्युत प्राधिकरण शाखा सुर्खेतको सहयोग लिने।

**निर्णय नं. १२**

नगर संचालनमा रहेका अटो भिलेजहरुको व्यवस्थापनको लागि स्थान छनौट गर्न समितिको स्थलगत प्रतिवेदन बाट प्राप्त सुझाव अनुसार वडा नं. ११ को सुब्वाकुना चेक पोष्टको दक्षिण तर्फ शिवशक्ति सामुदायिक वन को भु –भागमा दिर्घकालका लागी व्यवस्थापन नर्न वन कार्यालय र वन उपभोक्ता समिति संग आवश्यक समन्वयन गर्ने।

**निर्णय नं. १३**

वडा नं. ४ को वडा समितिले वडा भित्र वडा स्तरीय स्वच्छता कार्यक्रम संचालन  गर्न वडा स्तरिय सरसफाइ कार्यक्रम तथा स्वच्छता संचालन कार्यविधि २०७५ पेश गरेको सन्दर्भमा सरसफाइ सेवा शुल्कको दर यस नपाको आर्थिक ऐन २०७५ सँग नबाझीने गरी संशोधन सहित पारित गर्ने।

**निर्णय नं. १४**

वातावरण तथा विपद् व्यवस्थापन समितिबाट पेश भएको सफा नगर निर्माण कार्ययोजना २०७५ स्वीकृत गरी उपयूक्त शिर्षकबाट रकम एकिन गरी कार्ययोजना संचालन गर्ने।

**निर्णय नं. १५**

यस नपाका वडा नं. १,४,६ र ११ मा वडा सरसफाइ कार्यक्रम संचालन गर्न आन्तरिक आय तथा सरसफाइ सेवा शुल्क बाट ड्राइभर सरसफाइकर्मी निरिक्षकका साथै इन्धन लगाएतको खर्च वडाले गरेकोमा सोको समर्थन गर्ने ।